## बैठक नं १८९

आज मिति २०८२/०५/३१ गते यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

### उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. जेन-जि आन्दोलनका मृतकहरुमा समवेदना प्रकट गर्ने सम्बन्धमा ।

२. विपद् व्यवस्थापनको रकम भुक्तानी सम्बन्धमा ।

- चिलाउने आ.वि. स्कूलको विद्यार्थीको मृत्यु सम्बन्धमा ।
- ठुलो ढुङगा फुटाएको रकम भुक्तानी सम्बन्धमा ।
- जस्तापाता र त्रिपाल खरिदको रकम भुक्तानी सम्बन्धमा ।
- कोईरालाचेत बाटो सञ्चालन सम्बन्धमा ।

३. खरानीटार अस्पतालमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन सम्बन्धमा ।

४. विविध ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा यहि मिति २०८२/०५/२३ र २४ गते भएको जेन-जि युवाहरुले गरेको आन्दोलनमा मृत्यु भएका सम्पुर्ण व्यक्तिहरुमा यस तादी गाउँपालिका भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै समवेदना प्रकट गर्ने र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो । |
| २ | प्रस्ताव नं. २ उपर छलफल गर्दा विपद् व्यवस्थापनबाट भएका तपशिल बमोजिमका विषयमा भएका खर्च रकम अनुमोदन र विनियोजन गर्ने निर्णय गरियो ।<br>क) प्रस्तुत विषयमा यस तादी गाउँपालिकाको वडा नं २ मा रहेको चिलाउने आ.वि मा अध्ययनरत विद्यार्थीको मिति २०८२/०५/१८ गतेको अविरल बर्षातको कारण घर फर्कने क्रममा खोलाले बगाई श्री शशीकला तामाङको मृत्यु भएकाले निजको परिवारलाई विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को उपदफा ९(क) बमोजिम रु २ लाख विपद् व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो ।<br><br>ख) प्रस्तुत विषयमा यस तादी गाउँपालिकाको वडा नं ४ मा मानव वस्ति भन्दा माथि रहेको बिशाल ढुङ्गा भासिन गई वस्ति नै जोखिममा रहेकाले उक्त ढुङ्गा फुटाउन खर्च भएको तपशिल बमोजिमको खर्च रकम अनुमोदन गर्दै विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने निर्णय गरियो । |

०८२/५/३१

| | |
|---|---|
| | १. ढुङ्गा फुटाउने केमिकल — रु १,३४,४७०/-<br>२. खाना खाजा — रु ८१,३००/-<br>३. गल,हम्मर लगायत सामाग्री — रु ११,३००/-<br>४. ज्यामी ज्याला — रु ७१,०४२.४<br>५. ईन्धन — १,७०,०००/-<br>६. विज्ञ पारिश्रमिक — रु ५२,०००/-<br>७. मेशिन ढुवानी भाडा — रु ८०,०००/-<br>८. केमिकल ढुवानी भाडा — रु ५०००/-<br>९. विविध- रु १००००/-<br>ग) प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं २ मा अविरल बर्षातको समयमा पहिरो गई ४ घरमा क्षती पुग्न गएको र मानव वसोवास गर्न समेत असहज रहेकाले निजहरुलाई तत्काल अस्थायी आवासको लागि जस्तापाता र त्रिपाल खरिद गरी उपलब्ध गराउने र सो वापतको रकम रु ३,२३,८८५.१२ (अक्षरुपी तीन लाख तेईस हजार आठ सय पचासी रुपैयाँ बाह्र पैसा मात्र) राहत उद्धार तथा पुनस्थापना खर्च शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।<br><br>घ) प्रस्तुत विषयमा खरानीटार डाँडागाउँ टुटुङ बाटो पहिरोको कारण सञ्चालन गर्न नसकिने भएकाले बैकल्पिक बाटोको रुपमा खरानीटार कोईरालाचेत हुँदै टुटुङ जाने सडक मर्मत गरी सञ्चालन गर्ने र उक्त बाटो मर्मत वापत प्राविधिक स्टमेट अनुसारको रकम रु १,६४,३१७.९ (अक्षरुपी एक लाख चौसठ्ठि हजार तीन सय बार्ह रुपैया नौ पैसा मात्र ) विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो।<br><br>ङ) प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं २ मा रहेको सल्लाघारी दाहालथोक रालुका चिलाउने सडक खण्डको आले खोला, बेरुवा डाँडा, मुडुले तथा छापथोक खण्डमा अत्याधिक बर्षातको कारण पहिरो गई बाटो पूर्ण रुपमा अवरुद्ध भएको र विरामी वोक्ने एम्बुलेन्स समेत हिड्न असहज भएकाले उक्त बाटो सञ्चालनको लागि प्राविधिक स्टमेट बमोजिमको रकम रु १,७६,४३७.४० अक्षरुपी एक लाख छयत्तर हजार चार सय सैतिस रुपैया चालिस पैसा मात्र विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो। |
| ३ | प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस तादी गाउँपालिका वडा नं ३ मा रहेको खरानीटार अस्पतालमा मातृ तथा नव शिशु कार्यक्रम भित्रको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको लागि कार्यरत दक्ष जनशक्ति नभएकाले उक्त कार्यक्रम सञ्चलानको लागि १ जना दक्ष अ.न.मी. लाई आइतवार देखि मंगलवार सम्म हप्ताको ३ दिन नेपाल सरकारको मापदण्ड बमोजिम सम्झौता गरी कार्य गराउने निर्णय गरियो । |
| ४ | विविध ××× |